29 April 2024

National News

मुख्य समाचार

1. देशका विभिन्न राज्यमा तेस्रो चरणको मतदानको निम्ति प्रचार अभियान तेज
2. लोकसभा चुनाउको छैटौं चरणको निम्ति अधिसूचना जारी
3. इन्दौर निर्वाचन क्षेत्रबाट कंग्रेसका उम्मेदवारले लिए नाम फिर्ता
4. उत्तराखण्डका जंगलमा लागेको डडेलो निभाउने प्रयास जारी
5. आईपीएलमा अहिले कोलकाता र दिल्लीको भिडन्त हुँदै

लोकसभा चुनाउ प्रचार

लोकसभा चुनाउको तेस्रो चरणको मतदानको दिन जति जति नजिकिँदै आउँदैछ उति उति प्रचार अभियान तेज भएको छ। विभिन्न राजनीतिक दलका नेताहरूले मतदातालाई आकर्षित गर्न भरमग्दुर प्रयास गरिरहेका छन्। भारतीय जनता पार्टी भाजपा, कंग्रेस, वामपन्थी दलहरू, तृणमूल कंग्रेस, समाजवादी पार्टी, बहुजन समाज पार्टी, शिवसेना, राष्ट्रवादी कंग्रेस पार्टी, जनता दल युनाइटेड, राष्ट्रिय जनता दल, आम आदमी पार्टी लगायतका अन्य दलका नेताहरू चुनाउ प्रचार प्रसारमा व्यस्त छन्।

प्रधानमन्त्री एवम् भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज महाराष्ट्रमा सोलापुरलगायत तीनवटा जनसभालाई सम्बोधन गर्नुभयो। यसभन्दा अघि उहाँले कर्नाटकको बागलकोटमा जनसभालाई सम्बोधन गर्नुभयो। श्री मोदीले सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्यका साथ चौबीसै घण्टा काम गरिरहेको बताउनु भएको छ। उहाँले भाजपाले विकासको लागि काम गर्छ भने कंग्रेसले भोट ब्याङ्कको लागि काम गर्छ भन्नुभयो। विगत १० वर्षमा भएका विकास कार्यहरूको जानकारी दिँदै उहाँले देशको विकासका लागि भाजपालाई मतदान गर्न आग्रह गर्नुभयो।

भाजपाका वरिष्ठ नेता श्री अमित शाहले बिहारको मधुबनी र बेगुसराय अनि असमको गुवाहाटीमा चुनाउ प्रचार गर्नुभयो। भाजपा अध्यक्ष श्री जेपी नड्डाले तेलंगानामा चुनाउ प्रचार गरिरहनु भएको छ ।

कंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले आफ्ना पार्टीका उम्मेदवारको समर्थनमा आज गुजरात र छत्तीसगढमा प्रचार गर्नुभयो। कंग्रेस नेता श्रीमती प्रियंका गान्धीले कर्नाटकको गुलबर्गामा जनसभालाई सम्बोधन गर्नुभयो।

कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गेले आज कर्नाटकका रायचुर, यादगीर, कालाबुर्गी जिल्लामा जनसभालाई सम्बोधन गर्नु भयो ।

समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादवले उत्तर प्रदेशको एटा, हातरस र आगरामा चुनाउ प्रचार गर्नुभयो । अर्कोतर्फ, बहुजन समाज पार्टी प्रमुख सुश्री मायावतीले बदाउँमा चुनावी सभालाई सम्बोधन गर्नु भयो।
पश्चिम बंगालकी मुख्यमन्त्री एवम् टीएमसी अध्यक्ष सुश्री ममता बनर्जी, बिहारका मुख्यमन्त्री एवम् जेडीयू अध्यक्ष श्री नितिश कुमार, एनसीपीका वरिष्ठ नेता श्री शरद पवार, शिवसेना यूबीटी नेता श्री उद्धव ठाकरे, राष्ट्रिय जनता दल नेता श्री तेजस्वी यादव अनि वामपन्थी दलका नेताहरू पनि आ-आफ्नो पार्टीको पक्षमा चुनाउ प्रचारमा व्यस्त रहनुभएको छ।
मध्य प्रदेशका मुख्यमन्त्री एवम् भाजपा नेता श्री मोहन यादवले आज फिरोजाबाद जिल्लामा चुनावी र्‍यालीलाई सम्बोधन गर्नु भयो।

<u>छैटौं चरण अधिसूचना</u>
आज लोकसभा चुनाउको छैटौं चरणको निम्ति अधिसूचना जारी भएसँगै उम्मेदवारी दर्ता गर्ने प्रक्रिया पनि सुरु भएको छ । यस चरणमा 25 मईको दिन ६ राज्य र एउटा केन्द्र शासित प्रदेशका ५७ लोकसभा सीटमा मतदान हुनेछन्। छैटौं चरणमा दिल्लीका सबै सात सिट, हरियाणाका सबै १० सिट, उत्तर प्रदेशका १४ सिट, बिहार र पश्चिम बंगालका आठ-आठ सिट, ओडिशाका 6 सिट अनि झारखण्डका चार सिटमा मतदान हुनेछन्।
6 मईसम्म मनोनयन पत्र दर्ता गर्न सकिने छ भने मनोनयन पत्रको जाँच 7 तारिक हुनेछ। नाम फिर्ता लिने अन्तिम दिन 9 तारिक रहेको छ।

<u>कंग्रेस उम्मेदवारा नाम फिर्ता</u>
लोकसभा चुनाउको चौथो चरणको मतदानका लागि आज नाम फिर्ता गर्ने अन्तिम दिन थियो। यस चरणमा मई 13 तारीख 9 राज्य अनि एक केन्द्रशासित प्रदेशका कुल 96 लोकसभा सीटका लागि चुनाउ हुनेछ।
यसैबीच, मध्य प्रदेशको इन्दौर निर्वाचन क्षेत्रबाट कंग्रेसका उम्मेदवार श्री अक्षय कान्ति बमले आज आफ्नो उम्मेदवारी फिर्ता लिनु भएको छ। कंग्रेसका लागि यो ठूलो झट्का मानिएको छ। उहाँले भाजपा विधायक श्री रमेश मेन्डोलासँग जिल्ला निर्वाचन कार्यालय गएर उम्मेदवारी फिर्ता लिने औपचारिकता पूरा गर्नुभयो।

## उत्तर प्रदेश मनोनय दर्ता

आज उत्तर प्रदेशका प्रमुख नेताहरुको उम्मेदवारी दर्ता गर्ने दिन थियो । भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री राजनाथ सिंह र श्रीमती स्मृति इरानीले आज उम्मेदवारी दर्ता गराउनु भयो। श्री राजनाथ सिंहले लखनऊ लोकसभा सीटबाट मनोनयन पत्र भर्नुभयो। उहाँ यो सिटबाट तेस्रो पटक चुनाउ लड्दै हुनुहुन्छ। उम्मेदवारी दर्ता गर्नअघि श्री सिंहले लखनउमा विशाल रोड शो गर्नुभएको थियो। श्रीमती स्मृति इरानीले अमेठीबाट मनोनयन पत्र बुझाउनु भयो।

## उत्तराखण्ड डडेलो

उत्तराखण्डका जंगलमा लागेको आगो डडेलो निभाउनका लागि राष्ट्रिय आपदा मोचन बल- एनडीआरएफका कर्मचारीहरूसँग अग्नि र वन विभागका कर्मचारीहरू प्रयासरत छन्। उनीहरूले गढवाल र कुमाउ क्षेत्रमा डेडेलोमाथि नियन्त्रण प्राप्त गर्न उल्लेखनीय प्रगति गरेका छन्। यस कार्यमा स्थानीय बासिन्दाले पनि आगो निभाउने प्रयासमा सहयोग गरिरहेका छन् ।

नैनीताल जिल्लाको महेशखान क्षेत्रमा डडेलो नियन्त्रण गर्न एनडीआरएफका ३० कर्मीसहित ३०० दमकल खटाइएको छ। मुख्यमन्त्री श्री पुष्करसिंह धामीले वनमा आगलागीका बढ्दो घटनालाई नियन्त्रण गर्न सम्भावित सबै उपाय अपनाइने प्रतिबद्धता जनाउनु भएको छ। अर्कोतिर, केन्द्रीय मन्त्री श्री अजय भट्टले नैनीताल जिल्लाका प्रभावित क्षेत्रको आकलन गरिरहनुभएको छ। यसैबीच, अधिकारीहरूले वन आगलागीका घटनामा संलग्न आठ जनालाई पक्राउ गरेका छन्।

## छत्तीसगढ दुर्घटना

छत्तीसगढको बेमेटारा जिल्लामा भएको सडक दुर्घटनामा ८ जनाको मृत्यु भएको छ भने २१ जना घाइते भएका छन् । दुर्घटनामा आठ जनाको घटनास्थलमै मृत्यु भएको थियो । मृत्यु हुनेमा पाँच महिला र तीन बालकबालिका रहेका छन् ।

अर्कोतर्फ, कश्मीर उपत्यकाको गान्दरबल जिल्लाको सोनमर्गमा हिजो भएको सडक दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ।

## भारतीय कोस्ट गार्ड

आज एउटा संयुक्त अभियानमा भारतीय कोस्ट गार्ड र गुजरात एन्टी टेररिज्म स्क्वाडले अरब सागरमा १७३ किलोग्राम लागूऔषध बोकेको भारतीय माछा मार्ने डुङ्गालाई नियन्त्रणमा लिएको छ। डुङ्गामा सवार दुईजनालाई पक्राउ पनि गरिएको छ।

यसभन्दा अघि हिजो भारतीय कोस्ट गार्डले एन्टी टेररिस्ट स्क्वाड र नार्कोटिक्स कन्ट्रोल ब्यूरोसँगको सहकार्यमा समुन्द्रमा लागुऔषध विरुद्धको अभियानका क्रममा ६०० करोड रुपियाँ बराबरको ८६ किलोग्राम लागूऔषध जफत् गरेको थियो। यस अभियानमा पाकिस्तानी

जहाजबाट १४ जना चालक दलका सदस्यलाई पक्राउ गरिएको छ। चालक दल र जहाजलाई थप अनुसन्धान र कानुनी कारबाहीका लागि पोरबन्दर लगिएको छ।

इन्फ्लूएञ्जा

केन्द्र सरकारले राज्यहरूमा मौसमी इन्फ्लूएञ्जा बिमारीको निगरानी गरिरहेको छ। अमेरिकाका विभिन्न राज्यमा गाईवस्तु अनि दूधमा एवियन इन्फ्लूएञ्जा वायरस पत्तो लागेको रिपोर्ट पछि केन्द्रीय स्वास्थ्य मन्त्रालयले देशमा वर्तमान स्थितिको आकलन गर्न राज्य अनि केन्द्रशासित प्रदेशहरूसित एउटा समीक्षा बैठक गरेको छ। अहिलेसम्म कुनै पनि राज्यमा मौसमी फ्लूको मामिला देखिएको भने छैन।

एन्टी डोपिङ – समझदारी पत्र

नेशनल एन्टी डोपिङ एजेन्सीले आज नयाँ दिल्लीमा South Asia Regional Anti-Doping Organisation सँग एउटा समझदारी पत्रमा हस्ताक्षर गरेको छ। यो संगठन बंगलादेश, भुटान, माल्दिभ्स, नेपाल र श्रीलंकाका एन्टी-डोपिङ संगठनहरू मिलेर बनेको हो।

समझदारी पत्रमा खेलकुदमा एन्टी डोपिङमा क्षेत्रीय सहयोग बढाउने लक्ष्य राखिएको छ। यस अवसरमा युवा मामिला तथा खेलकुद मन्त्री श्री अनुराग सिंह ठाकुरले अन्तर्राष्ट्रिय खेलकुद क्षेत्रमा भारतको बढ्दो सहभागिता र उपलब्धिबारे प्रकाश पार्नुभयो।

आइपीएल

आईपीएल क्रिकेटमा अहिले कोलकाताको ईडन गार्डन्समा कोलकाता नाइट राइडर्स र डेल्ही क्यापिटल्सको खेल शुरु भएको छ। हिजो राति चेन्नईमा सम्पन्न खेलमा चेन्नई सुपर किङ्ग्सले सनराइजरस् हैदराबादलाई 78 रनले पराजित गरेको थियो।